वर्षः४१ २०६६ असार अङ्क :८

**त्रि.वि.सभाको वार्षिक दिवस बैठक सम्पन्न**

# त्रि.वि.ले आफूलाई श्रेष्ठ साबित गर्नु पर्दछ : *प्रधानमन्त्री नेपाल*



**त्रि.वि.को स्वर्ण जयन्तीको अवसरमा असार १७ गते बसेको त्रि.वि. सभाको बैठकमा बायाँबाट क्रमशः शिक्षामन्त्री एवं सहकुलपति, प्रधानमन्त्री एवं कुलपति, उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रार ।** *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

काठमाडौं । प्रधानमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका कुलपति माधवकुमार नेपालले देशमा अहिले नयाँ नयाँ विश्वविद्यालयहरू खुलिसकेकाले त्रि.वि.ले अब आफूलाई तिनीहरूसँगको प्रतिस्पर्धामा आफूलाई श्रेष्ठ साबित गर्न सक्नु पर्ने बताउनुभएको छ ।

त्रिभुवन विश्वविद्यालयको ५०औं वार्षिक दिवसको अवसरमा असार १७ गते कीर्तिपुरस्थित स्मृति भवनमा बसेको त्रि.वि. सभाको बैठकलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति नेपालले उक्त कुरा बताउनुभएको हो ।

देशमा अब नयाँ नयाँ विश्वविद्यालयहरू खुलिरहेका छन्, तिनीहरूसँग प्रतिस्पर्धा गर्ने हिसाबले त्रि.वि. अगाडि बढ्न सकेन भने अरु विश्वविद्यालयले त्रि.वि.लाई उछिन्न सक्ने बताउँदै प्रधानमन्त्री नेपालले भन्नुभयो- 'स्वस्थ प्रतिस्पर्धाको दृष्टिकोणले देशमा विश्वविद्यालयको संख्या थपिँदै जानु राम्रै कुरा हो तर अहिलेसम्मको अवस्था हेर्दा थोरै विश्वविद्यालयले मात्र आफ्नो स्तर र उपादेयता कायम राख्न सकेकाले ती विश्वविद्यालयहरूले अझै मेहनत गर्नुपर्ने आवश्यकता छ ।'

मुलुक संचालन गर्न आवश्यक पर्ने विभिन्न क्षेत्रका योग्य, दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने कार्यमा त्रि.वि.ले निर्वाह गरिरहेको भूमिकाबाट आफू गौरवान्वित भएको बताउँदै प्रधानमन्त्री नेपालले त्रि.वि.ले विगत ५० वर्षको अवधिमा गरेका राम्रा कामका साथै कमी कमजोरीको वस्तुनिष्ठ ढंगले मूल्याङ्कन गर्नु पर्दछ भन्नुभयो ।

*(बांकी पृष्ठ ८ मा)*

## सम्पादकीय

# त्रि.वि.को स्वर्ण जयन्ती

त्रिभुवन विश्वविद्यालय स्थापनाको ५०औं वर्षमा प्रवेश गरेको छ । सो अवसरमा त्रिभुवन विश्वविद्यालयले २०६६ असार १७ गते स्वर्ण जयन्ती कार्यक्रम आयोजना गरी भव्यरूपमा मनाएको छ । स्वर्ण जयन्तीको अवसरमा त्रि.वि. केन्द्रीय कार्यालय प्राङ्गणमा स्थापना गरिएको स्मारकको प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति माधवकुमार नेपालले विशेष समारोहबीच अनावरण गर्नुभएको छ । सोही समारोहमा प्रधानमन्त्री नेपालले त्रि.वि. सूचना शाखाबाट प्रकाशित टीयू टुडे र त्रि.वि.स्मारिका-२०६६ तथा अनुसन्धान महाशाखाबाट प्रकाशित पूर्व उपकुलपति सूर्यबहादुर शाक्यद्वारा लिखित इस्ट्याबलिसिङ एन्ड डेभलपमेन्ट अफ त्रिभुवन युनिभर्सिटी नामक पुस्तकलगायतका प्रकाशनहरूको समेत विमोचन गर्नु भएको थियो भने पद्मकन्या क्याम्पस, ललितकला क्याम्पस र रत्नराज्यलक्ष्मी क्याम्पसका छात्र-छात्राले रोचक ढंगले नाच तथा गाना प्रदर्शन गरेका थिए ।

सोही दिन विहान प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति नेपालको अध्यक्षतामा त्रिभुवन स्मृति भवनमा त्रि.वि. सभाको बैठक बसेको थियो । त्रि.वि.को वार्षिक दिवसको अवसरमा बसेको सो बैठकमा प्रधानमन्त्री नेपालले देशमा नयाँ-नयाँ विश्वविद्यालयहरु स्थापना भइसकेको अवस्थामा त्रि.वि.ले आफूलाई श्रेष्ठ सावित गर्दै अघि बढ्नु पर्ने अवस्था आएको र अब त्रि.वि.का कमी कमजोरीलाई सच्याएर अघि नबढे अरु विश्वविद्यालयले उछिन्ने बताउनुभयो । उहाँले त्रि.वि.ले अब प्राविधिक शिक्षामा जोड दिनुपर्ने सुझावका साथै अनुसन्धान क्षेत्रमा उत्कृष्टता हासिल गरेर योग्य जनशक्ति उत्पादन गर्न सके नेपालमा उच्च शिक्षा हासिल गर्नका लागि अन्तर्राष्ट्रिय जगतका विद्यार्थीहरू समेत आकर्षित हुनसक्ने कुरामा जोड दिनुभयो ।

त्यसैगरी त्रि.वि. सभामा बोल्दै शिक्षामन्त्री तथा विश्वविद्यालयका सहकुलपति रामचन्द्र कुशवाहले स्रोत र साधनको उचित प्रयोग गरेर अघि बढ्न त्रि.वि.लाई सुझाव दिनुका साथै त्रि.वि.ले गुणस्तरीय र प्रभावकारी प्राविधिक शिक्षा प्रदान गर्नुपर्ने बताउनुभयो । उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले परीक्षा प्रणालीलाई सुधार गरी, नियमित र व्यवस्थित गर्दै जाने, गुणस्तरमा सुधार गर्ने, अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धामा जाने नीतिका साथ अघि बढिरहेको बताउँदै त्यसका लागि विभिन्न देशसँग सहकार्य र सम्बन्ध विस्तार गर्ने कार्य भइरहेको जानकारी दिनुभयो ।

शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले त्रि.वि.ले आन्तरिक स्रोत बढाउन शिक्षण शुल्कमा केही वृद्धि गर्ने र शैक्षिक कार्यक्रम निश्चित समयावधिभित्रै टुंग्याउने प्रतिबद्धता जनाउनुभयो । त्रि.वि. सभाले ४७ औं ग्रेसलिस्ट समेत पारित गरेको छ । सो ग्रेसलिस्टमा ४० हजारभन्दा बढी विद्यार्थी समाविष्ट छन् । सो ग्रेसलिस्टसम्बन्धी प्रस्ताव रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले बैठकमा प्रस्तुत गर्नुभएको थियो । त्रि.वि.का कुलपति, सहकुलपति, उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रारबाट बैठकमा व्यक्त भएका अभिव्यक्तिले आगामी दिनहरुमा त्रि.वि.लाई निश्चित नीति तथा कार्यक्रमका साथ विकास, उन्नति र प्रगतिको मार्गमा अगाडि बढाउन मार्गप्रशस्त गरेको कुरामा विश्वास गर्न सकिन्छ ।

## त्रि.वि.को स्वर्ण जयन्ती समारोह आयोजना

# प्रधानमन्त्रीद्वारा प्राविधिक शिक्षामा जोड



त्रि.वि.को स्वर्ण जयन्तीको अवसरमा त्रि.वि. केन्द्रीय कार्यालय प्राङ्गणमा असार १७ गते आयोजना गरिएको विशेष समारोहमा प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति माधवकुमार नेपाल त्रि.वि.द्वारा प्रकाशित विभिन्न प्रकाशनको विमोचन गर्नुहुँदै । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

काठमाडौं । त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको अवसरमा प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति माधवकुमार नेपालको समुपस्थितिमा असार १७ गते त्रि.वि.केन्द्रीय कार्यालयमा एक भव्य समारोह आयोजना गरियो ।

सोही अवसरमा प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति नेपालले त्रि.वि. केन्द्रीय कार्यालय प्राङ्गणमा स्थापना गरिएको त्रि.वि. स्वर्ण जयन्ती प्रतिमाको अनावरण गर्नुभयो । सोही समारोहमा प्रधानमन्त्री नेपालले त्रि.वि.को स्वर्ण जयन्तीको अवसरमा त्रि.वि. सूचना शाखाद्वारा प्रकाशित त्रि.वि. स्मारिका-२०६६ र टी.यू. टुडे-२००९ तथा अनुसन्धान महाशाखाबाट प्रकाशित पूर्व उपकुलपति सूर्यबहादुर शाक्यद्वारा लिखित इस्टयाबलिसिङ एन्ड डेभलपमेन्ट अफ त्रिभुवन यूनिभर्सिटी नामक पुस्तक समेत विमोचन गर्नुभएको थियो ।

स्वर्ण जयन्तीको उपलक्ष्यमा त्रि.वि.ले आयोजना गरेको सो विशेष समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री नेपालले अब त्रि.वि.ले प्राविधिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो । 'मानिसको सहज जीवन जिउनका लागि प्राविधिक शिक्षामा जोड दिनुपर्ने अवस्था आएको छ'-उहाँले भन्नुभयो ।

शिक्षामन्त्री सहकुलपति रामचन्द्र कुशवाह पनि सहभागी रहनुभएको सो समारोहमा स्वागत मन्तव्य दिने क्रममा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले त्रि.वि.ले पठनपाठनलाई नियमित गर्दै गुणस्तर अभिवृद्धि र परीक्षा प्रणालीमा सुधार गरी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा जाने अठोट व्यक्त गर्नुभयो ।

समारोहमा शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले त्रि.वि.को आन्तरिक स्रोत बढाउन विद्यार्थीबाट शुल्क वृद्धि गर्ने, शैक्षिक कार्यक्रम समयमा सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुभयो ।

रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले समारोहको अन्त्यमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा निश्चित नीति, कार्यक्रम, योजनाका साथ अगाडि बढ्दै वैज्ञानिक, व्यावहारिक र सुलभ शिक्षा उपलब्ध गराउन त्रि.वि.कटिवद्ध रहने बताउनुभयो ।

उक्त समारोहमा पद्म कन्या क्याम्पस, ललितकला क्याम्पस र रत्नराज्य लक्ष्मी क्याम्पसका छात्र-छात्राहरुले रोचक ढंगबाट नाच तथा गाना प्रस्तुत गरेका थिए ।

# नयाँ शैक्षिक कार्यक्रम थप्न त्रि.वि. प्रतिबद्ध : *उपकुलपति*



त्रि.वि.प्राज्ञिक परिषद्को असार २१ गते बसेको साधारण सभामा त्रि.वि.का पदाधिकारीहरू । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले समयको मागअनुसार विभिन्न अध्ययन संस्थान र संकायअन्तर्गत नयाँ नयाँ शैक्षिक कार्यक्रम थप गर्ने क्रम जारी रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्को असार २१ गते बसेको १४औं साधारण सभालाई अध्यक्षको आसनबाट सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

विगत वर्षहरूमा झैं यो वर्ष पनि त्रि.वि.का लागि वित्तीय दृष्टिकोणले सहज परिस्थिति नरहेको र नेपाल सरकारबाट प्राप्त हुने अनुदान अपेक्षितरूपमा वृद्धि हुन नसकेको बताउँदै उहाँले भन्नुभयो- 'त्रि.वि.ले आन्तरिक स्रोत परिचालन गरी आयस्रोत वृद्धि गर्दै जाने र मितव्ययिताको सिद्धान्त अवलम्बन गरी आन्तरिक आय स्रोतमा समेत अभिवृद्धि गर्ने क्रम जारी राख्दै आवश्यक कार्यक्रम संचालन गर्दैआएको छ ।'

त्रि.वि.को हालको अवस्था जे जस्तो भए पनि एक्काइसौं शताब्दीको मागअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विधाअन्तर्गत प्रतिस्पर्धी, सक्षम शैक्षिक जनशक्ति उत्पादन गर्ने तर्फ क्रियाशील भइरहेको जानकारी गराउँदै उपकुलपति प्रा.डा. शर्माले यसतर्फ गहकिलो समर्थन र प्रतिबद्धता सबैबाट निरन्तररूपमा प्राप्त हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

त्रि.वि.बाट प्रवीणता प्रमाणपत्र तह हटाउने योजना धेरै समयअगाडि देखि नै रहेकोले यस तहको पाठ्यक्रम विगत २८ वर्षदेखि परिमार्जन नगरिएको अवस्थामा पुरानै पाठ्यक्रमबाट यसको पठन-पाठन जारी राख्नु उचित नहुने बताउँदै उहाँले यो तह हटाएपछि स्नातक र स्नातकोत्तर तहमा नयाँ नयाँ विषयहरू थपेर गुणस्तरीय र बजारमुखी शिक्षा दिन सकिने मात्र नभएर अन्य तहका कक्षा संचालनका लागि कक्षा कोठा अभावको स्थितिसमेत अन्त्य हुने धारणा व्यक्त गर्नुभयो ।

त्रि.वि.का शिक्षाध्यक्ष एवं प्राज्ञिक परिषद्का उपाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले त्रि.वि.ले विभिन्न विषयको स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रमलाई हाल परिमार्जन गरिसकेको र संगीत, चित्रकला र मूर्तिकला विषयमा स्नातकोत्तर तहको पढाइ शुरू गरेको जानकारी दिँदै धेरै वर्षपछि परीक्षा शुल्कमा समेत केही सुधार गरेर परीक्षा संचालन र परीक्षाफल प्रकाशन समयमै गर्ने तयारी थालेको बताउनुभयो ।

रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले बैठकमा प्रस्तुत प्रस्तावहरूलाई सहमतिको आधारमा निर्णय गरिने बताउनुभयो ।

बैठकको प्रारम्भमा स्वागत मन्तव्य दिँदै व्यवस्थापन संकायका डीन एवं प्राज्ञिक परिषद्का सदस्य सचिव प्रा.डा. गोविन्दप्रसाद आचार्यले त्रि.वि.ले आफ्ना पाठ्यक्रमहरूलाई समयानुकूल परिमार्जनका साथै २१औं शताब्दीको मागअनुरुपका नयाँ नयाँ विषयको पढाइ गुणस्तरीय ढंगमा गर्न नसकेमा वर्तमान प्रतिस्पर्धात्मक विश्वमा पछाडि पर्दै जाने बताउनुभयो ।

बैठकले सूचना प्रविधि, लैंगिक अध्ययन, चित्रकला, मूर्तिकला, संगीत विषयहरूमा स्नातकोत्तर तहको उपाधि स्थापनालगायत ११ वटा प्रस्तावहरू पारित गरेको थियो ।

प्रस्तुत प्रस्तावहरू माथिको छलफलमा नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्याय, नेपाल र एसियाली अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. यज्ञप्रसाद अधिकारी, अर्थशास्त्र केन्द्रीय विभागका प्रा.डा. कोमलप्रसाद धिताल, बालकुमारी क्याम्पसका प्रमुख चिरञ्जीवी श्रेष्ठ, इन्जिनीयरिङ अध्ययन संस्थानका प्रा.डा. सुदर्शनराज तिवारी, कपिलवस्तु क्याम्पसका विश्वनाथ पाठक, अन्तर्राष्ट्रिय कानुन विषय समितिका अध्यक्ष प्रा.डा. लक्ष्मणकुमार उपाध्याय, नेपाल ल क्याम्पसका प्रमुख कृष्ण बेलबासे, शिक्षाशास्त्र केन्द्रीय विभागका प्रा.डा. श्रीरामप्रसाद उपाध्याय, प्रा. महेन्द्रनारायण मिश्र, प्रा.डा. सन्तोषराज पौडेल, नेपालटार क्याम्पसका धनलाल महर्जन, प्रा.डा. ईश्वरचन्द्र दत्त, सेडाका कार्यकारी निर्देशक भरत पोखरेल, कानुन संकायका डीन प्रा.डा. अम्बरप्रसाद पन्त, शिक्षाशास्त्र संकायका डीन डा. प्रकाश श्रेष्ठलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# शिक्षण अस्पतालको वार्षिकोत्सव सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले त्रि.वि. शिक्षण अस्पतालको २७औं वार्षिकोत्सवको उपलक्ष्यमा असार ३१ गते आयोजित समारोहको उद्घाटन गर्नुभयो।

समारोहलाई सम्बोधन गर्दै अध्यक्ष प्रा.डा. कार्कीले कुनै पनि संस्थाको २६ वर्ष भनेको बाल्यकाल नै हुने भए तापनि शिक्षण अस्पतालले दिइरहेको गुणस्तरीय सेवाको



त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की त्रि.वि. शिक्षण अस्पतालको २७औं वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुहुँदै । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

दृष्टिकोणले यो अस्पताल व्यापक भइसकेको बताउनुभयो ।

'सरकारले त्रि.वि. संचालनका लागि कि त आवश्यक बजेट दिनु पर्‍यो कि त यसलाई स्वायत्तता दिनु पर्‍यो', उहाँले भन्नुभयो-'त्रि.वि.सँग पर्याप्त साधन र स्रोत छ, त्यसैले अठोट र दृढता भएमा यसलाई स्वतन्त्ररूपले अगाडि बढाउन सकिन्छ ।'

समारोहमा त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा सूर्यलाल अमात्यले त्रि.वि.ले विभिन्न विधामा गुणस्तरीय शिक्षा दिइरहेको र यसै कडिमा त्रि.वि.को चिकित्साशास्त्र अध्ययन संस्थानले एसियाका विभिन्न मुलुकका विद्यार्थीहरूलाई आकर्षण गर्न सकेको बताउनुभयो ।

उहाँले त्रि.वि.को मागअनुसार सरकारले अनुदान नदिँदा समस्या भइरहेको बताउँदै आर्थिक अनुदानसम्बन्धी सरकारी नीतिमा अविलम्ब सुधार हुनु जरुरी भइसकेको बताउनुभयो ।

समारोहलाई सम्बोधन गर्दै रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले आवश्यक बजेट नहुँदा त्रि.वि.ले अत्याधुनिक विषयको अध्ययन,अध्यापन र अनुसन्धान कार्यक्रम संचालनका साथै गुणस्तर अभिवृद्धिका कार्यक्रमहरूमा नकारात्मक प्रभाव परिरहेको बताउनुभयो । उहाँले शिक्षण अस्पतालले हाल गरिरहेको प्रगतिप्रति सन्तोष व्यक्त गर्दै अत्याधुनिक प्रविधि र उपकरणबाट सुसज्जित गरी यसको सेवालाई अझ गुणस्तरीय बनाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपालका लागि जापानका राजदूत तात्सु मिजुनोले त्रि.वि. शिक्षण अस्पताल जापान सरकारले विदेशमा गरेका ठूला सहयोगमध्ये एक भएको चर्चा गर्दै अस्पतालका प्रमुख भवन जापानकै सहयोगमा निर्माण भएको र यसबाहेक समयसमयमा जापानी विशेषज्ञहरू यस अस्पतालमा आई स्वयम्सेवकको रूपमा काम गर्ने गरेको र नेपाली जनशक्तिलाई पनि जापानमा आवश्यक तालिम दिने गरेको बताउनुभयो ।

चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. अरुण सायमीले समारोहमा सभापतिको आसनबाट बोल्दै शिक्षण अस्पताललगायतका अध्ययन संस्थानअन्तर्गतका सेवाहरूलाई अभिवृद्धि गर्न र अस्पताललाई अझ सुविधा सम्पन्न बनाउन नीति निर्माण र निर्णयमा आत्मनिर्भरताको आवश्यकता पर्ने भएकाले अध्ययन संस्थानले त्रि.वि.बाट स्वायत्तता खोजेको हो भन्नुभयो ।

अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. केशवप्रसाद सिंहले अस्पतालको वार्षिक प्रतिवेदन पेश गर्दै २०४० सालमा जापान सरकारको सहयोगमा ३ सय शय्याबाट स्वास्थ्यसेवा प्रदान गर्न शुरू गरेको यस अस्पतालले चालू आर्थिक वर्षसम्ममा ८ सय शय्या पुर्‍याइ निकट भविष्यमै मुलुककै सबैभन्दा ठूलो अस्पतालको रूपमा विकास गर्ने लक्ष्य राखेको जानकारी दिनुभयो ।

शिक्षण अस्पताल प्राध्यापक संघका अध्यक्ष डा. करवीरनाथ योगीले नेपालमा उत्कृष्ट स्वास्थ्यसेवा प्रदान गरिरहेको यस अस्पतालले डी.एम., विद्यावारिधिजस्ता कार्यक्रमहरू चाँडै संचालन नगरेमा देशमा हाल द्रुत गतिमा बढिरहेका अन्य शिक्षण अस्पतालहरूसँगको प्रतिस्पर्धामा पछाडि पर्न जानसक्ने बताउनुभयो ।

शिक्षण अस्पताल चिकित्सक संघका अध्यक्ष डा. मोदनाथ भट्टराइले अस्पतालले योजना बनाइ काम गर्नुपर्ने बताउँदै यसो भएमा अस्पतालले योजनाअनुसार लक्ष्य हासिल गर्न सक्यो वा सकेन भन्ने मूल्यांकन गर्न सकिने बताउनुभयो ।

यसैगरी शिक्षण अस्पताल कर्मचारी संघका सभापति श्रीकृष्ण श्रेष्ठले अस्पतालले फार्मेसी, प्याथोलोजीआदि तर्फ संवेदनशील भई हेर्नु पर्ने बताउँदै यी अंगहरूलाई व्यवस्थितरूपमा संचालन गर्न सकेमा यसले आय आर्जनमा ठूलो टेवा पुर्‍याउन सक्ने बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा अस्पतालकी मेट्रोन श्रीमती जमुना सायमीले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रममा सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले अस्पतालको विकासमा विभिन्न प्रकारले योगदान गर्ने महानुभावहरूलाई कदरपत्र र उत्कृष्ट सेवा पुर्‍याउने शिक्षक, चिकित्सक र कर्मचारीलाई नगद तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

त्यसैगरी अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. केशवप्रसाद सिंहले कर्मचारी संघद्वारा अस्पतालको वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयी कर्मचारीहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# दीर्घ सेवा पदक र शिक्षा पुरस्कार प्रदान

काठमाडौं । त्रिभुवन विश्वविद्यालय स्थापनाको ५० वर्ष पुगेको अवसरमा विभिन्न कार्यक्रम गरी स्वर्ण जयन्ती मनाइएको छ ।

यसै क्रममा त्रि.वि.मा अटुटरूपमा २५ वर्ष सेवा अवधि पुगेका शिक्षक तथा कर्मचारीहरूलाई दीर्घ सेवा पदक प्रदान गरिएको छ। विविध कारणले गत २०६२ सालदेखि स्थगित हुँदै आएको सो पदक करिव ८ सय शिक्षक तथा कर्मचारीलाई असार १६ र १८ गते आयोजित समारोहमा उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले वितरण गर्नुभएको थियो । सोही समारोहमा शिक्षा पुरस्कार प्राप्त गर्ने शिक्षक तथा कर्मचारीहरूलाई पनि उहाँले पदक प्रदान गर्नु भएको थियो । पदक प्राप्त गर्नेहरूलाई सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले प्रमाणपत्र वितरण गर्नुभएको थियो।

समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा शर्माले विगत १२/१३ वर्षदेखि त्रि. वि. का शिक्षक तथा कर्मचारीहरूलाई उहाँहरूको लामो सेवाको कदर गर्दै पदक वितरण गर्न थालिएको बताउनुभयो ।

विश्वमा शिक्षा क्षेत्रमा भइरहेको परिवर्तनलाई आत्मसात् गरी मागअनुरुपका नयाँ नयाँ विषयको अध्ययन अध्यापनका साथ त्रि.वि.लाई अगाडि बढाइ विश्व परिस्थितिसँग सामना गर्न सक्षम बनाउनु पर्ने बताउँदै उहाँले त्रि.वि.लाई बलियो बनाउने काममा शिक्षक र कर्मचारीका साथै विद्यार्थी र अभिभावक सबैको सहयोग आवश्यक छ भन्नुभयो ।

सभापतिको आसनबाट सेवा आयोगका अध्यक्ष प्रा.डा. कार्कीले त्रि.वि.लाई जीवन्त राख्न र यसका मर्यादा र प्रतिष्ठालाई अझ उच्च बनाउन त्रि.वि.का शिक्षक तथा कर्मचारीको ठूलो योगदान रहेको बताउँदै लामो समयदेखि यस संस्थामा काम गर्ने ती शिक्षक तथा कर्मचारीलाई दीर्घ सेवा पदकले काम गर्ने हौसला अझ बढाउन अपेक्षा व्यक्त गर्नुभयो ।

शिक्षाध्यक्ष प्रा. डा. सूर्यलाल अमात्यले समारोहको प्रारम्भमा स्वागत मन्तव्य दिँदै विगतमा विभिन्न कठिनाइ र परिस्थितिले गर्दा २०६२ सालदेखि स्थगित दीर्घ सेवा पदक दुई चरणमा गरी वितरण गरिएको बताउनुभयो ।

रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले समारोहमा धन्यवाद ज्ञापन गर्दै त्रि.वि.ले विभिन्न विधामा उत्पादन गरेका जनशक्ति देश र विदेशमा समेत विभिन्न सेवामा दक्षतापूर्वक काम गर्न सफल साबित भइरहेको बताउनुभयो ।

समारोहमा नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्याय, त्रि.वि.कर्मचारी संघका अध्यक्ष भोजकुमार बस्नेत र त्रि.वि. कर्मचारी संघ केन्द्रीय कार्यालय एकाइका सभापति अरुण बल्लभले पनि मन्तव्य राख्नुभएको थियो ।

सो समारोहमा रजिस्ट्रार प्रा.डा. अधिकारीले त्रि.वि.सेवामा उल्लेख्य योगदान पुऱ्याएवापत विशिष्ट सेवा पुरस्कार प्राप्त गर्ने ११४ जना शिक्षक तथा कर्मचारीहरूको नाम पढेर सुनाउनु भएको थियो ।

***(विशिष्ट सेवा पुरस्कार प्राप्त गर्ने शिक्षक तथा कर्मचारीहरूको नामावली पृष्ठ १२मा हेर्नुहोला । )***



उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा त्रि.वि.को स्वर्ण जयन्तीको उपलक्ष्यमा शिक्षक तथा कर्मचारीहरूलाई दीर्घ सेवा पदक वितरण गर्नुहुँदै ।
*(तस्वीर : त्रि.वि. सूचना शाखा)*

## बुटवल क्याम्पसमा रक्तदान

रुपन्देही । त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा त्रि.वि. कर्मचारी संघ बुटवल बहुमुखी क्याम्पस एकाइ समितिले असार १६ गते रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

एकाइ समितिका सभापति देवेन्द्रराज शाक्यको सभापतित्व र सुश्री रमिता प्रधानको संयोजकत्वमा सम्पन्न भएको उक्त रक्तदान कार्यक्रमका सहभागीहरूलाई सहायक क्याम्पस प्रमुख श्रीमती उषा सिंहले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# शैक्षिक सामग्री प्रदर्शन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा त्रि.वि. केन्द्रीय पुस्तकालयद्वारा आयोजित शैक्षिक तथा बौद्धिक सामग्री प्रदर्शनीको त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले असार १५ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

एक हप्तासम्म संचालन भएको उक्त प्रदर्शनीमा त्रि.वि.का विभिन्न क्याम्पस, डीन कार्यालय, अनुसन्धान केन्द्र, कार्यालय र निकायहरूद्वारा प्रकाशित पुस्तक, जर्नललगायतका सामग्रीहरू राखिएका थिए ।

प्रदर्शनी उद्घाटन समारोहलाई सम्बोधन गर्दै त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. अमात्यले त्रिपुरेश्वरको सानो कोठाबाट शुरू भएको त्रि.वि.को पुस्तकालय सेवा कुनै समयमा लाल दरवारमा समेत संचालन भई लामो समयपछि मात्र कीर्तिपुरमा हालको भवनमा सरेको स्मरण गराउनुभयो ।

भारतको बनारस विश्वविद्यालयमा विभिन्न विधाका पुस्तक, जर्नल, पाठ्य सामग्री आदिको पूर्ण संग्रह रहेको कारण सो पुस्तकालयको सेवा भारतका अन्य विश्वविद्यालयले समेत लिने गरेको बताउँदै शिक्षाध्यक्ष प्रा.डा. अमात्यले त्रि.वि.केन्द्रीय पुस्तकालयको संग्रह पनि विशाल भइसकेकोले आवश्यक नेटवर्कको व्यवस्था गरी त्रि.वि.का क्याम्पस तथा विभिन्न निकायलाई उपलब्ध गराउन सक्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

समारोहको प्रारम्भमा स्वागत मन्तव्य दिँदै पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीले त्रि.वि. स्थापनाको ५० वर्ष पुगेको उपलक्ष्यमा यस अवधिमा त्रि.वि.का विभिन्न निकायले प्रकाशित गरेका प्रकाशनहरूलाई एकै ठाउँमा संकलन गरी प्रदर्शन गर्ने लक्ष्य मुताविक आयोजित यस प्रदर्शनीले ५० वर्षको अवधिमा के-कति गहकिला प्रकाशन भएको छ भन्ने कुरा बाहिर ल्याउने बताउनुभएको थियो ।



त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा त्रि.वि. केन्द्रीय पुस्तकालयद्वारा आयोजित शैक्षिक तथा बौद्धिक सामग्री प्रदर्शनीको उद्घाटनपश्चात् प्रदर्शनीको अवलोकन गर्नुहुँदै शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

# सामाजिक समावेशी नीतिसम्बन्धी गोष्ठी सम्पन्न

काठमाडौं । नेपाल र एसियाली अनुसन्धान केन्द्र (सिनास) र सामाजिक समावेशी अनुसन्धान कोष (सर्फ)ले संयुक्त रूपमा आयोजना गरेको दक्षिण एसियाली राष्ट्रमा सामाजिक समावेशी नीति विषयक ३ दिने अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी असार १३ गते सम्पन्न भएको छ ।

परराष्ट्रमन्त्री सुजाता कोइरालाले असार ११ गते सो गोष्ठीको उद्घाटन गर्नुभएको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै परराष्ट्र मन्त्री कोइरालाले मुलुकमा संघीय गणतन्त्र स्थापना भए तापनि विभिन्न जनजातिको सवाल मुख्य चुनौतीको रूपमा विद्यमान रहेको बताउनुभयो ।

त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले विभिन्न जातजातिहरूबीच कुरा नमिल्ने समस्या दक्षिण एसियामा बढी भएको बताउँदै सामाजिक समावेशी नीति सम्बन्धमा भएका समस्याहरूको समाधान गर्न यस गोष्ठीले सहयोग पुऱ्याउने आशा व्यक्त गर्नुभयो ।

सभापतिको आसनबाट सिनासका कार्यकारी निर्देशक प्रा.डा. यज्ञप्रसाद अधिकारीले नेपालमा विभिन्न जनजातिहरूका राजनैतिक बनावट परिवर्तन गर्न सजिलो छ तर उनीहरूको सांस्कृतिक व्यवहार र दृष्टिकोण परिवर्तन गर्न गाह्रो भएको बताउँदै यदि उक्त कुरा परिवर्तन गर्न सकेमा समाजमा जनजातिहरूप्रति न्याय हुने छ भन्नुभयो ।

उद्घाटन कार्यक्रममा समाज कल्याण मन्त्री पूर्णकुमार शेर्मा, सिनासका पूर्व कार्यकारी निर्देशक प्रा.डा. निर्मलमान तुलाधर, सर्फ र एस.एन.भी.का वरिष्ठ सल्लाहकार मोहनदास मानन्धर, राष्ट्रिय समावेशी आयोगका अध्यक्ष नरसिंह चौधरी, एस.एन.भी.का निर्देशक हान्स हेइज्ड्र र सिनासका मृगेन्द्रबहादुर कार्कीले पनि आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

## त्रि.वि.ले आफूलाई श्रेष्ठ.....

त्रि.वि.मा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक सबैका समस्याका बीच आर्थिक समस्या सर्वोपरि रूपमा विद्यमान रहेको चर्चा गर्दै उहाँले राज्य यसको जिम्मेवारी खासगरी प्राध्यापकहरूका साथै शैक्षिक पदमा आसिन व्यक्तिहरू तथा शैक्षिक निकायका प्रमुखहरूको हुन्छ भन्नुभयो ।




प्रधानमन्त्री माधवकुमार नेपाल त्रि.वि. स्वर्ण जयन्तीको उपलक्ष्यमा असार १७ गते कीर्तिपुरस्थित त्रिभुवन स्मृति भवनको प्राङ्गणमा राष्ट्रिय झण्डा फहराउनु हुँदै । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

तहबाट मात्र नभइ नागरिक स्तरबाट र सम्बन्धित सबै ठाउँबाट यसको समुचित हल हुनुपर्ने बताउनुभयो ।

प्रधानमन्त्री नेपालले हाम्रो शिक्षा प्रणालीलाई वैज्ञानिक एवं राष्ट्रिय हित सम्वर्धन र प्रवर्धन गर्ने खालको बनाइ देशभक्त नागरिक उत्पादन गराउने तर्फ कसरी केन्द्रीत गराउन सकिन्छ भन्नेतिर सबैको ध्यान जानु जरुरी भएको बताउँदै

प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति नेपालले बेरोजगार समस्या हल गर्नका लागि हामीले प्राविधिक तथा व्यावसायिक शिक्षामा बढी जोड दिई प्रत्येक नागरिकलाई आफ्नो जीवन यापनमा आत्मनिर्भर बनाउन सक्नुपर्ने बताउँदै त्यसका लागि हाम्रो शिक्षाका पाठ्यक्रमलाई त्यहीँ हिसावले तयार पार्नु जरुरी छ भन्नुभयो ।

बैठकमा त्रि.वि.का सहकुलपति शिक्षामन्त्री रामचन्द्र कुशवाहाले वर्तमान विश्व परिवेशलाई ध्यानमा राखी त्रि.वि.ले पाठ्यक्रमहरूमा समयानुकूल परिमार्जन गरी आफूलाई गुणस्तरयुक्त तथा अद्यावधिक बनाउँदै लैजानु वाञ्छनीय देखिएको बताउँदै स्वदेशी मात्र होइन विदेशी शिक्षार्थीहरूले पनि यस विश्वविद्यालयमा सहजरूपमा अध्ययन र अनुसन्धान गर्न पाउनु पर्ने व्यवस्था निर्माणमा थप पहल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

त्रि.वि. आफ्ना आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूको गुणस्तर उन्नयनका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्नका साथै त्यसको नियमित अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारी कार्यक्रमहरू समावेश गरी विशिष्टीकरण तर्फ अग्रसर रहनु उपयुक्त हुने बताउँदै शिक्षामन्त्री कुशवाहाले देशको परिवर्तित अवस्थाअनुसार यस विश्वविद्यालयले क्रमशः आफ्नो स्रोत र साधनको उच्चतम परिचालन गरी आत्मनिर्भर हुँदै जाने नीति अख्तियार गर्नु पर्दछ भन्नुभयो ।

राष्ट्रिय पहिचान बनेको त्रि.वि.ले उदाहरणीय रूपमा आफूलाई समावेशीकरणतर्फ अग्रसर बनाउँदै खासगरी महिला, दलित, मधेशी, जनजाति तथा अन्य सीमान्तकृत वर्ग र समुदाय सबै क्षेत्रलाई समावेश गर्दै लैजान थप कार्य गर्नु आवश्यक देखिएको पनि उहाँले बताउनुभयो ।

आफ्नो स्थापनाकालदेखि नै नेपालको लोकतान्त्रिक रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्दैआएको त्रि.वि.माथि वर्तमान परिवेशमा नेपालमा लोकतन्त्रको स्थायित्व तथा विकासका लागि थप जिम्मेवारी आएको बताउँदै उहाँले भन्नुभयो- 'परिवर्तित युगका यी थप जिम्मेवारी पूरा गर्न र विश्वविद्यालयको समस्त शैक्षिक उन्नयनका लागि गरिने यहाँहरूको प्रयासले सार्थकता पाउने छ भन्ने विश्वास लिएको छु ।'

बैठकको प्रारम्भमा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले स्वागत मन्तव्य दिँदै नेपालमा ऐतिहासिक

जनआन्दोलनको सफलतापछि स्थापित लोकतान्त्रिक गणतन्त्रको जगेर्ना गर्दै परिवर्तित नेपालको सर्वाङ्गीण विकासमा आवश्यक पर्ने सबै खाले स्तरयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने क्रममा मुलुककै जेठो ऐतिहासिक शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयले अझै महत्त्वपूर्ण अभिभारा अगाडि बढ्दै जानु परेको यथार्थ पनि हाम्रो सामू विद्यमान छ भन्नुभयो ।

'आफ्ना प्रशासनिक एवं शैक्षिक निकायहरू मार्फत देशव्यापी रूपमा शैक्षिक कार्यक्रमहरू संचालन गरी लाखौं विद्यार्थीहरूलाई सुविधा प्रदान गर्दै आएको त्रि.वि. परिवर्तित नेपाल र नेपालीहरूको अन्तर्गतका क्याम्पस र कार्यक्रमहरूलाई विकेन्द्रीकरण र स्वायत्तताको नीति अनुरुप संचालन गर्न जोड दिँदै आएको छ ।'

उहाँले परीक्षा प्रणालीलाई सुधार गरी नियमित र व्यवस्थित गर्दै जाने, गुणस्तरमा सुधार गर्ने र अन्तरर्राष्ट्रिय स्तरको प्रतिस्पर्धामा जाने नीति अनुरुप



त्रि.वि.को स्वर्ण जयन्ती कार्यक्रममा सहभागी हुन आउनुभएका प्रधानमन्त्री माधवकुमार नेपाललाई त्रिभुवन स्मृति भवनको प्राङ्गणमा स्वागतपछि कार्यक्रम स्थलमा अगुवाइ गर्ने क्रममा त्रि.वि. का पदाधिकारीहरू ।
*(तस्वीर : त्रि.वि. सूचना शाखा)*

वहन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

त्रि.वि.ले आफ्नो स्थापनाकालदेखि ५० वर्षसम्मको अवधिमा उच्च शिक्षाको विकास र विस्तार एवं समय सापेक्ष गुणस्तरीय शैक्षिक कार्यक्रमहरू आम जनतासम्म पुऱ्याउन उल्लेखनीय योगदान गर्दै आएको बताउँदै उपकुलपति प्रा.डा. शर्माले त्रि.वि. ले विगतदेखि नै अनेक जटिलता र चुनौतीहरूसँग सामना गर्दै चाहनाअनुरुप शैक्षिक कार्यक्रमहरू थप गर्ने, पाठ्यक्रम परिमार्जन गर्ने, शैक्षिक सामग्रीहरू सुधार र विस्तार गर्ने एवं अनुसन्धानमुखी कार्यक्रमहरूलाई विस्तार गर्ने कार्यमा सदा क्रियाशील छ', उपकुलपति प्रा.डा. शर्माले अगाडि भन्नुभयो- 'विद्यालय स्तरका कार्यक्रमलाई छाडी कलेज तहको उच्च शिक्षालाई विस्तार र विकास गर्न विशेष जोड दिँदै अध्ययन संस्थान र संकायहरू एवं यस विभिन्न मुलुकहरूसँग सहकार्य र सम्बन्ध विस्तार गर्ने कार्यहरू पनि भइरहेको जानकारी सभालाई दिनुभयो ।

बैठकमा शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले सबैभन्दा धेरै विद्यार्थी र मुलुककै सबैभन्दा ठूलो विश्वविद्यालय भएकोले राष्ट्रप्रति त्रि.वि.को जिम्मेवारी पनि ठूलै रहेको र त्यो जिम्मेवारी सक्रियरूपमा कार्यान्वयन गर्नका निम्ति पनि त्रि.वि.ले विभिन्न प्रकारका योजनाहरू

बनाएर कार्यान्वयन गरिरहेको बताउनु भयो ।

त्रि.वि. अन्तर्गत हाल ६० वटा आंगिक र ६१६ वटा सम्बन्धन प्राप्त क्याम्पसहरू रहेको र यी क्याम्पसहरूको प्रशासन र व्यवस्थापन केन्द्रबाट सधैं गर्न नसकिने भएकाले र नेपालमा संघीय प्रणाली अब व्यवस्थित भइसकेको कारण पनि त्रि.वि.ले आफ्ना सबै क्याम्पसहरूलाई विकेन्द्रीकरणमा लगेर व्यवस्थापन समितिअन्तर्गत व्यवस्थितरूपमा संचालन गर्ने सोच राखेको शिक्षाध्यक्ष प्रा.डा. अमात्यले बताउनुभयो ।

'यस कदम अन्तर्गत केही ठूला महत्त्वपूर्ण क्याम्पसहरू जहाँ १५ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन् र अरु विश्वविद्यालयको तुलनामा ती क्याम्पसहरू आफै एक विश्वविद्यालयको रूपमा रहेका छन्, तिनीहरू आफ्नै खुट्टामा उभिएर छुट्टै विश्वविद्यालयको रूपमा विकास हुन सकोस् भन्ने उद्देश्यले स्वायत्ततासम्बन्धी नियमअन्तर्गत संचालन हुन दिने प्रयास त्रि.वि.ले गरिरहेको छ '- उहाँले भन्नुभयो ।

त्रि.वि.ले आफ्नो आन्तरिक स्रोत बढाउने उद्देश्यले बिस्तारै लागत असुलीको आधारमा स्नातकोत्तर तह संचालन गर्न थालेको बताउँदै उहाँले भन्नुभयो- 'विद्यार्थीबाट लिइने शुल्कबाटै कक्षाहरू संचालन होस् भन्ने दृष्टिकोणबाट खासगरी विज्ञान अध्ययन संस्थानअन्तर्गत भौतिक शास्त्र र रसायनशास्त्रमा त्रि.वि.को साधारण शुल्कभन्दा फरक शुल्क निर्धारण गरी स्नातकोत्तर तहको पढाइ संचालन गरेका छौं ।'

सभामा रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले २०६२ सालदेखि हुन नसकेको त्रि.वि. सभाको बैठक २०६५ पुस १४ गते पहिलो पटक बसेको र उक्त बैठकले त्रि.वि.का विभिन्न अध्ययन संस्थान र संकायअन्तर्गत स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूको अभिलेखको आधारमा ४४औं, ४५औं र ४६औं ग्रेसलिस्ट पारित गरेको र सोमध्ये ४४औं ग्रेसलिस्टमा समाविष्ट विद्यार्थीका लागि दीक्षान्त समारोह आयोजना गरी सम्बन्धित विद्यार्थीलाई उपाधिसमेत वितरण गरिसकेको बताउँदै ४५औं र ४६औं ग्रेसलिस्टमा समाविष्ट विद्यार्थीका लागि पनि दीक्षान्त समारोह शीघ्र आयोजना गर्ने लक्ष्य रहेको छ भन्नुभयो ।

यसैगरी ४७औं ग्रेसलिस्टमा २०६५ असार १ गतेदेखि २०६६ जेठ मसान्तसम्म स्नातक, स्नातकोत्तर र विद्यावारिधि तह पार गरी तोकिएका सबै आवश्यकता पूरा गरी ट्रान्सक्रिप्टसमेत लिई सकेका कुल ४० हजार ४१८ विद्यार्थी समाविष्ट रहेको जानकारी रजिस्ट्रार प्रा.डा. अधिकारीले दिनुभयो ।

यसमध्ये विद्यावारिधि तहमा ३५, स्नातकोत्तर तहमा ७ हजार ९३७, एम.फिल तहमा ३८ र पोस्ट ग्रेजुयट डिप्लोमा तहमा ६४, स्नातक तहमा ३२ हजार २९९ र अन्य तहमा ४५ जना विद्यार्थी रहेका छन् । यहीँ तथ्यांकलाई अध्ययन संस्थान र संकायहरूमा विभाजन गर्दा मानविकी र सामाजिकशास्त्र संकायतर्फ १० हजार ८०२, कानुनतर्फ २८८, व्यवस्थापनतर्फ ११ हजार ७२७, शिक्षाशास्त्र तर्फ १३ हजार ३४५, विज्ञान र प्रविधि अध्ययन संस्थानतर्फ २ हजार ५४९, वन विज्ञानतर्फ ६३, कृषि र पशुतर्फ २१४, इन्जिनीयरिङतर्फ ३३४ र चिकित्साशास्त्र अध्ययन संस्थानतर्फ ४५१ विद्यार्थी रहेको रजिस्ट्रार प्रा.डा. अधिकारीले जानकारी दिनुभयो ।

बैठकमा त्रि.वि.का सबै अध्ययन संस्थान र संकायका डीनहरूले तोकिएका सबै आवश्यकता पूरा गरी परीक्षासमेत उत्तीर्ण गरेका विद्यार्थीहरूलाई सम्बन्धित उपाधि प्रदान गर्न गरेको अनुरोधलाई सभाले सर्वसम्मतिले पारित गरेको थियो ।

सभाको अन्त्यमा त्रि.वि.योजना महाशाखाका प्रमुख प्रह्लादराज पन्तले त्रि.वि.को झलक प्रस्तुत गर्नुभएको थियो ।

# महेन्द्ररत्न क्याम्पसमा अन्तरक्रिया कार्यक्रम

इलाम । महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामले त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा त्रि.वि.को समस्या, चुनौती र समाधान विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।

असार १७ गते आयोजना गरिएको एक दिने सो कार्यक्रममा क्याम्पसका सहायक क्याम्पस प्रमुख गंगाराम पौडेलले छलफलपत्र प्रस्तुत गर्नुभएको थियो ।

छलफलपत्रमा त्रि.वि.द्वारा सम्पादन गरिने सबै कार्यहरू दबाव, तालाबन्दी र घेराउका आधारमा नभई नीति-नियम, कार्यक्रम र ठोस पद्धतिका आधारमा गरिनु पर्ने, राजनैतिक दबाव र भागबन्डाको संस्कारबाट पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई अलग राखी त्रि.वि.लाई प्राज्ञिक रूपमा संगठित गरिनु पर्ने र यसका लागि सबै राजनैतिक दलहरू र तिनका भ्रातृ संगठनहरूको सामूहिक प्रतिबद्धता आवश्यक पर्ने उल्लेख गरिएको छ ।

त्रि.वि.को अध्ययन-अध्यापन कार्य परीक्षामुखी नभई सीपयुक्त बनाउन पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्रीमा विशेष ध्यान पुऱ्याउन आवश्यक रहेको र पाठ्यक्रमलाई समयसापेक्ष परिवर्तन र परिमार्जन गरी शिक्षालाई जीवनोपयोगी बनाइनु पर्नेलगायतका कुराहरू छलफलपत्रमा उल्लेख गरिएको छ ।

क्याम्पस प्रमुख जसबहादुर लुङ्गेलीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा उपप्राध्यापकद्वय अरुण नेपाल र उपेन्द्रप्रसाद आचार्य, प्राध्यापक संघ क्याम्पस एकाइ समितिका सभापति खगेन्द्रप्रसाद चापागाई, सह प्राध्यापकद्वय इन्द्रदेव ठाकुर र देवेन्द्रप्रसाद गुरागाईले छलफलपत्रमाथि टिप्पणी गर्नुभएको थियो।

त्यसअघि कार्यक्रमको प्रारम्भमा सहायक क्याम्पस प्रमुख रामप्रसाद गुरागाईले स्वागत मन्तव्य दिनुभएको थियो ।

# प्राध्यापक र सह प्राध्यापक पदमा नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई त्रि.वि. सेवा आयोगको सिफारिशमा निम्नअनुसार नियुक्त गरेको छः**

**प्राध्यापकः**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. सूर्यरत्न गुभाजु | प्राणीशास्त्र | प्राणीशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६५।१२।२४ |
| डा. खड्ग बस्नेत | ,, | ,, | ,, |
| डा.रञ्जना गुप्ता | ,, | ,, | ,, |
| श्री श्रीप्रसाद धौभडेल | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. माला मास्के | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| डा. श्रीकृष्ण हाछेथु | राजनीतिशास्त्र | राजनीतिशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।१।२२ |
| डा. मीनादेवी वैद्य मल्ल | ,, | ,, | ,, |
| डा. ध्रुवकुमार श्रेष्ठ | ,, | नेपाल र एसियाली अ. केन्द्र,कीर्तिपुर | ,, |
| डा. गोपालप्रसाद शिवाकोटी | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| डा. नविन मिश्र | ,, | रामस्वरूप रामसागर ब.क्याम्पस,जनकपुर | ,, |
| श्री विजयबहादुर सिलवाल | राजनीतिशास्त्र शिक्षा | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।३।१४ |
| श्री सत्यदेवी मानन्धर | ,, | ,, | ,, |
| श्री सुशीला सिंह | अंग्रेजी | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०६६।१।१४ |
| श्री प्रमिला राई | ,, | ,, | ,, |
| डा. गजबकुमारी शर्मा, तिमिल्सिना | ,, | ,, | ,, |
| डा. संगीता रायमाझी | ,, | अंग्रेजी केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा. गीता खड्का | ,, | ,, | ,, |
| डा. कृष्णचन्द्र शर्मा | ,, | ,, | ,, |
| श्री महेन्द्रजीव तुलाधर | ,, | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | ,, |
| श्री ऋषिकेश उपाध्याय | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | ,, |
| श्री अमरकान्त झा | ,, | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | ,, |
| श्री शालिकराम श्रेष्ठ | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| श्री हरिप्रसाद शर्मा | ,, | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, |
| श्री खगेन्द्रप्रसाद भट्टराई | ,, | ,, | ,, |
| डा. श्रीधर गौतम | ,, | ,, | ,, |

**सह प्राध्यापकः**

| | | | |
|---|---|---|---|
| श्री विकास घिमिरे | जनसंख्या अध्ययन | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०६६।१।२५ |
| श्री भेषनाथ सापकोटा | ,, | ,, | ,, |
| श्री विधान आचार्य | ,, | जनसंख्या अध्ययन केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| श्री योगेन्द्रबहादुर गुरूङ्ग | ,, | ,, | ,, |
| श्री बालकृष्ण माबुहाङ्ग | ,, | ,, | ,, |
| डा. गोविन्द सुवेदी | ,, | ,, | ,, |
| डा. भीमराज सुवाल | ,, | ,, | ,, |
| श्री केशवप्रसाद अधिकारी | ,, | ,, | ,, |
| डा. बीना राई | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | ,, |
| श्री महेन्द्रप्रसाद शर्मा | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| श्री रविन्द्रनाथ भट्टराई | ,, | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, |

# विशिष्ट सेवा पुरस्कार पाउनेहरूको नामावली

**त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा विशिष्ट सेवा पुरस्कारबाट पुरस्कृत हुने शिक्षक/कर्मचारीहरूको नामावलीः**

## शिक्षक तर्फ

| नाम | पद | क्याम्पस/कार्यालय |
|---|---|---|
| १. श्री चन्द्रेश्वर यादव | उप-प्राध्यापक(विज्ञान) | सूर्यनारायण सत्यनारायण म.क्याम्पस, सिराहा |
| २. श्री नारायण कडेल | उप-प्राध्यापक | बुटवल ब.क्याम्पस, बुटवल |
| ३. श्रीमती दिव्यलक्ष्मी बज्राचार्य | " | सरस्वती ब.क्याम्पस, लैनचौर |
| ४. श्री केशवभक्त सापकोटा | " | वीरेन्द्र ब.क्याम्पस, भरतपुर |
| ५. डा.ज्ञानेन्द्रप्रसाद पौड्याल | " | शिक्षाध्यक्षको कार्यालय,कीर्तिपुर |
| ६. श्री राजीव मिश्र | " | महेन्द्र बिन्देश्वरी ब.क्याम्पस., राजविराज |
| ७. श्री कमल दाहाल | " | महेन्द्र बहुमुखी क्याम्पस, धरान |
| ८. श्रीमती शुभलक्ष्मी राई | " | मेची ब.क्याम्पस, झापा |
| ९. श्री रेवन्त मरवैता | " | रा.रा.ब.क्याम्पस, जनकपुर |
| १०. श्री रामप्रसाद गुरागाई | " | महेन्द्ररत्न ब.क्याम्पस, इलाम |
| ११. श्री कृष्णबहादुर चन्द | " | सिद्धनाथ क्याम्पस, महेन्द्रनगर |
| १२. श्री रीता सुबेदी | " | सरस्वती ब.क्याम्पस, लैनचौर |
| १३. श्री युवराज अधिकारी | " | पाटन संयुक्त क्याम्पस, पाटन |
| १४. श्री माधबप्रसाद खनाल | " | शिक्षा क्याम्पस, सुर्खेत |
| १५. श्री शारदारमण नेपाल | " | महेन्द्ररत्न क्याम्पस, ताहाचल |
| १६. श्री हेमराज ढकाल | " | शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर |
| १७. श्री ओमकारेश्वर श्रेष्ठ | " | पाटन संयुक्त क्याम्पस, पाटन |
| १८. श्री सिताराम न्यौपाने | " | गोरखा क्याम्पस, गोरखा |
| १९. श्री राजेन्द्र श्रेष्ठ | " | महेन्द्र ब.क्याम्पस, दाङ्ग |
| २०. श्री कृष्णमान प्रधान | सह-प्राध्यापक | सेडा, त्रि.वि.कीर्तिपुर |
| २१. श्री सिद्धिबहादुर शाक्य | सह-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटन |
| २२. श्रीमती भूषण श्रेष्ठ | " | शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर |
| २३. श्री कृष्णप्रसाद पौडेल | " | सरस्वती ब.क्याम्पस, लैनचौर |
| २४. श्री पृथ्वीराज पुन | " | पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर |
| २५. श्री श्यामसुन्दर पन्त | " | कृषि क्याम्पस, रामपुर |

| | | |
|---|---|---|
| २६. श्री गणेश झा | „ | मेची ब.क्याम्पस, झापा |
| २७. श्री सोनफि यादव | सह-प्राध्यापक | रा.रा.ब.क्याम्पस, जनकपुर |
| २८.श्रीमती मधुरा कार्की | „ | ई.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक |
| २९. श्री गोपाल पौडेल | „ | धनकुटा ब.क्याम्पस, धनकुटा |
| ३०. श्री चिन्तामणि पोखरेल | „ | समाजशास्त्र के.विभाग, कीर्तिपुर |
| ३१. श्री केशव पोखरेल(पहाडी) | „ | धनकुटा ब.क्याम्पस, धनकुटा |
| ३२. श्री धर्मेन्द्र भट्टराई | „ | बुटवल ब.क्याम्पस, बुटवल |
| ३३. श्री रघुनाथ अधिकारी | „ | पृथ्वीनारायण ब.क्याम्पस, पोखरा |
| ३४. डा.रोशनी श्रेष्ठ | „ | त्रि-चन्द्र ब. क्याम्पस, घण्टाघर |
| ३५. श्री नारद अवस्थि | „ | डोटी क्याम्पस, डोटी |
| ३६. डा.उत्तमराज शर्मा | „ | केन्द्रीय क्याम्पस, महाराजगन्ज |
| ३७. डा.प्रदीपकृष्ण श्रेष्ठ | „ | केन्द्रीय क्याम्पस, महाराजगन्ज |
| ३८. श्री गुणनिधि न्यौपाने | प्राध्यापक | नेपाल ल क्याम्पस, भृकुटीमण्डप |
| ३९. श्री प्रल्हादराज पन्त | „ | ई.अ.सं.,पुल्चोक क्याम्पस,(हाल योजना महाशाखा) |
| ४०. डा.सुशिल शिल्पकार | „ | केन्द्रीय क्याम्पस, महाराजगन्ज |
| ४१. श्री राजदेवी अधिकारी | सहायक क्याम्पस प्रमुख | नर्सिङ्ग क्याम्पस, महाराजगन्ज |
| ४२.श्रीमती मीना गुरुङ्ग | „ | पृथ्वीनारायण ब.क्याम्पस, पोखरा |
| ४३. श्री बलदेव अधिकारी | „ | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज |
| ४४. श्री विष्णुप्रसाद ज्ञवाली | „ | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा |
| ४५. श्री लक्ष्मीनारायण यादव | सहायक डीन | शिक्षाशास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुर |
| ४६. प्रा.डा.महेशराज दाहाल | प्राचार्य | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर |
| ४७.श्रीमती गिता मल्ल | क्याम्पस प्रमुख | पव्लिक युथ क्याम्पस, धोविचौर |
| ४८. श्री पर्वतकुमार राई | „ | भोजपुर ब.क्याम्पस, भोजपुर |
| ४९. श्री नेत्रप्रसाद धिताल | „ | महेन्द्ररत्न क्याम्पस, ताहाचल |
| ५०. श्री जगतकृष्ण पोखरेल | „ | सानोठिमी क्याम्पस, सानोठिमी |
| ५१. डा.बद्रिप्रसाद शर्मा | „ | डडेलधुरा शिक्षा क्याम्पस, डडेलधुरा |
| ५२. प्रा.रामप्रसाद मानन्धर | „ | वन विज्ञान क्याम्पस, पोखरा |
| ५३. श्री जीवनारायण झा | „ | महेन्द्र मोरङ्ग आ.बहुमुखी क्याम्पस, विराटनगर |

## कर्मचारी तर्फ

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री गुमान सिह गुरुङ्ग | चौकिदार | वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन |
| २ | श्री सन्तबहादुर तामाङ्ग | चौकिदार | कृषि क्याम्पस रामपुर, चितवन |
| ३ | श्रीमती लक्ष्मी पोडे | कुचिकार | सेडा, कीर्तिपुर |
| ४ | श्री विष्णु घिमिरे | चौकिदार | नेपाल कमर्स क्याम्पस, मीनभवन |
| ५ | श्री जीतबहादुर नेपाली | सि.कुचिकार, | महेन्द्र.ब.क्याम्पस, दाङ्ग। |
| ६ | श्री महेन्द्र कटुवाल | चौकिदार | सेडा, कीर्तिपुर |
| ७ | श्री माधवबहादुर श्रेष्ठ | सि.चौकिदार, | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा |
| ८ | श्री जयराम खड्का | वार्ड एटेन्डर | शिक्षण अस्पताल, महाराजगन्ज। |
| ९ | श्री गोपाल तामाङ्ग | सि.पियन | रजिस्ट्रारको कार्यालय,कीर्तिपुर |
| १० | श्री दर्शनलाल पासि | सि.पियन | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज |
| ११ | श्री रघुनाथ बिष्ट | पियन | उपकुलपतिको कार्यालय,कीर्तिपुर |
| १२ | श्री कृष्णप्रसाद आचार्य | पियन | शिक्षण अस्पताल,महाराजगंज |
| १३ | श्री शिवहरि थापा | पियन | प्राज्ञिक परिषद्को कार्यालय, कीर्तिपुर |
| १४ | श्री कान्छो खड्का | सिकर्मी | नेपाल ल क्याम्पस, भृकुटीमण्डप |
| १५ | श्री सूर्यबहादुर वस्नेत | भान्छे | अमृत साइन्स क्याम्पस, लैनचौर |
| १६ | श्री खेमराज पन्त | खलासी | कृषि क्याम्पस, रामपुर, चितवन |
| १७ | श्री सानुभाई के.सी. | प्लम्बर | अमृत साइन्स क्याम्पस, लैनचौर |
| १८ | श्री राजेन्द्र थापा | पाले | नेपाल ल क्याम्पस, भृकुटीमण्डप |
| १९ | श्री शारदा अधिकारी | स्टोर किपर | त्रि.वि.शिक्षण अस्पताल,महाराजगंज |
| २० | श्री मनबहादुर राई | ड्राइभर | सेडा, कीर्तिपुर |
| २१ | श्री कुमार अधिकारी | ड्राइभर | परीक्षा नियन्त्रण कार्यालय, बल्खु |
| २२ | श्री माधवप्रसाद लामिछाने | ड्राइभर | सामान्य प्र.महाशाखा,कीर्तिपुर |
| २३ | श्री श्यामकृष्ण श्रेष्ठ | ड्राइभर | सामान्य प्र.महाशाखा,कीर्तिपुर |
| २४ | श्री पूर्णबहादुर गुरुङ्ग | टा. ग | पृथ्वीनारायण.क्याम्पस, पोखरा |
| २५ | श्री प्रद्युम्नप्रसाद सिंखडा | टा.ख | पुल्चोक क्याम्पस,पुल्चोक |
| २६ | श्री बलवहादुर थापा | लेखा अधिकृत | आर्थिक प्र.महाशाखा,कीर्तिपुर |
| २७ | श्री कमल वानिया | टा.क | सिनास, कीर्तिपुर |
| २८ | श्री ज्योतिकुमार शर्मा | सि.ल्याव ब्वाई | पूर्वाञ्चल क्याम्पस, धरान |
| २९ | श्री बिष्णुप्रसाद भण्डारी | स्टोर किपर | त्रिचन्द्र क्याम्पस, घण्टाघर |
| ३० | श्री दलभक्तराज भुर्तेल | सि.फि.असिष्टेन्ट | रामपुर क्याम्पस, चितवन |
| ३१ | श्री वीरेन्द्रकुमार सिंह | बुकचेकर | रा.रा. बहुमुखी क्याम्पस,जनकपुर |

| | | | |
|---|---|---|---|
| ३२ | श्री देवेन्द्र खत्री | इलेक्ट्रिसियन | खाद्य प्रविधि क्याम्पस, धरान |
| ३३ | श्री सुनिल खनाल | सहायक लेखापाल | विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग |
| ३४ | श्री केदारनाथ पौडेल | लेखापाल | वन विज्ञान क्याम्पस, पोखरा |
| ३५ | श्री भीमप्रसाद सापकोटा | लेखापाल | कृषि क्याम्पस, रामपुर |
| ३६ | श्री ज्ञानुकुमारी गुरुङ्ग | स्टाफ नर्स | त्रि.वि., शिक्षण अस्पताल,महाराजगञ्ज |
| ३७ | श्री मन्जु शर्मा | हे.अ. | कर्मचारी प्र.महाशाखा, कीर्तिपुर |
| ३८ | श्रीमती उर्मिला पोखरेल | हे.अ. | कर्मचारी प्र.महाशाखा, कीर्तिपुर |
| ३९ | श्री राजु शाक्य | नि.प्रमुख | सेवा आयोग, कीर्तिपुर |
| ४० | श्री सिताराम पोखरेल | सह-प्रशासक | विज्ञान डीन कार्यालय, कीर्तिपुर |
| ४१ | श्री लक्ष्मणराज दली | सह-प्रशासक | कर्मचारी प्र. महाशाखा,कीर्तिपुर |
| ४२ | श्रीमती बिना बैद्य | सह-लाईब्रेरियन | केन्द्रीय पुस्तकालय, कीर्तिपुर |
| ४३ | श्री कुमार के.सी. | मेडिकल रिकर्डर | त्रि.वि., शिक्षण अस्पताल,महाराजगञ्ज |
| ४४ | श्री बिमलशंकर सैंजु | उप-प्रशासक | त्रिभुवन क्याम्पस, पाल्पा। |
| ४५ | श्रीमती पार्वती नेपाल | उप-प्रशासक | केन्द्रीय पुस्तकालय, कीर्तिपुर |
| ४६ | श्री सुवर्णमान वैद्य | उप-प्रशासक | परीक्षा नियन्त्रण कार्यालय, बल्खु। |
| ४७ | श्री तीर्थबहादुर श्रेष्ठ | सहायक प्रशासक | प्रमुख कानूनी स.कार्यालय,कीर्तिपुर |
| ४८ | श्री विष्णु अर्याल | सहायक लाईब्रेरियन | पब्लिक युथ क्याम्पस, धोविचौर |
| ४९ | श्री निलम पोखरेल | सहायक प्रशासक | पद्मकन्या क्याम्पस,बागबजार |
| ५० | श्री शंशेर हुसेन सिद्धिकी | ल्या.असिष्टेन्ट | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज |
| ५१ | श्री देवेन्द्रराज शाक्य | भण्डार अधिकृत | बुटवल बहुमुखी क्याम्पस,बुटवल |
| ५२ | श्री तीर्थबहादुर लामा | सहायक प्रशासक | सामान्य प्र. महाशाखा,कीर्तिपुर |
| ५३ | श्री भोगेन्द्र झा | सहायक लाईब्रेरियन | रा.रा. बहुमुखी क्याम्पस, जनकपुर |
| ५४ | श्री भैरब श्रेष्ठ | भण्डार अधिकृत | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज |
| ५५ | श्री पुष्पनारायण श्रेष्ठ | लेखा अधिकृत | आयुर्वेद क्याम्पस,कीर्तिपुर |
| ५६ | श्री लोकेन्द्रमान बज्राचार्य | भण्डार अधिकृत | विज्ञान तथा प्रविधि, डीन कार्यालय |
| ५७ | श्री टीकाराम अधिकारी | लेखा अधिकृत | कृषि क्याम्पस, रामपुर। |
| ५८ | श्री भोला प्रसाद ढकाल | प्रमुख | समन्वय महाशाखा, कीर्तिपुर |
| ५९ | श्री शान्तिराज कायस्थ | सह-आर्थिक नियन्त्रक | आर्थिक प्र. महाशाखा, कीर्तिपुर |
| ६० | श्री टहलबहादुर खड्का | लेखा नियन्त्रक | त्रि.वि. शिक्षण अस्पताल,महाराजगञ्ज |
| ६१ | श्री निर्मल कुमार रिजाल | टा.ख | कर्मचारी प्र. महाशाखा, कीर्तिपुर |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छ:

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| डा. रामकुमार पाण्डे | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।३।२५ |
| डा. केदारमान श्रेष्ठ | " | " | २०६६।३।३१ |
| श्री रामबहादुर श्रेष्ठ | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | कुक | २०६६।३।२७ |
| श्री विष्णुबहादुर गिरी | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | टा.(ख) | २०६६।३।२२ |
| श्री वसन्तलाल श्रेष्ठ | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सह प्राध्यापक | २०६६।३।१७ |
| श्री बलेश्वर कामत | महेन्द्र मोरङ आ.ब.क्याम्पस,विराटनगर | सि.पियन | २०६६।३।१९ |
| श्री तिलकबहादुर चौहान | केन्द्रीय प्रविधि क्याम्पस,हात्तिसार,धरान | चौकिदार | २०६६।३।१५ |
| श्री वीरेन्द्रकुमार विश्वकर्मा | पश्चिमाञ्चल क्याम्पस,पोखरा | वरिष्ठ प्रशिक्षक | २०६६।३।४ |
| डा. मदनकुमार दाहाल | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।३।१ |
| श्री बद्रीप्रसाद नेपाल | पुल्चोक क्याम्पस,पुल्चोक | हेल्थ इन्सपेक्टर | २०६६।२।३१ |
| श्रीमती विमला भट्टराई | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार | उप प्राध्यापक | २०६६।२।२७ |
| श्री छत्रराज शाक्य | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | सह प्राध्यापक | २०६६।२।२४ |
| डा. नरेन्द्रबहादुर महर्जन | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।२।२३ |
| श्री श्यामबहादुर महर्जन | कर्मचारी प्रशासन महाशाखा,कीर्तिपुर | टाईप सेटर | २०६६।२।२२ |
| श्री विष्णुबहादुर गिरी | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | टा (ख) | २०६६।२।२२ |
| डा. जमलदेवी श्रेष्ठ | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | प्राध्यापक | २०६६।२।१९ |
| श्री बलभद्र भारती | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रर्दनीमार्ग | सह प्राध्यापक | २०६६।३।२१ |
| डा. कृष्ण मानन्धर | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।२।२० |
| श्री रामकृष्ण साहु | लमजुङ्ग क्याम्पस,लमजुङ्ग | उप प्राध्यापक | २०६६।२।१८ |
| श्री माणिकमान शाक्य | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | सहायक प्रशासक | २०६६।२।२४ |
| श्री शशांक सेखर चटर्जी | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगज | सह प्राध्यापक | २०६६।२।७ |
| श्री बेखानारायण डंगोल | त्रि.वि.परीक्षा नियन्त्रण कार्यालय,बल्खु | लेखापाल | २०६६।२।२४ |
| श्री मधुप्रसाद शर्मा ढुङ्गाना | त्रि.वि.परीक्षा नियन्त्रण कार्यालय,बल्खु | सह प्रशासक | २०६६।३।२ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : कृष्णा लाल क्षेत्री
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१